परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७५ पृष्ठ ४ २०८३ साउन ०९ गते शनिबार 25 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## गृहमन्त्री फकिरा महतोको

# कार्यशैलीविरुद्ध बर्दिवासका व्यवसायी आक्रोशित

● ललन मण्डल




मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा बर्दिबासका होटल तथा पर्यटन व्यवसायमा गरिएको अनुगमनको शैली विरुद्ध व्यवसायीहरू खुलेर विरोधमा उत्रिएका छन् । बर्दिबास उद्योग वाणिज्य संघ, महोत्तरी चेम्बर अफ कमर्स र होटल तथा पर्यटन व्यवसायीहरूले संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै मन्त्री महतोले कानुन कार्यान्वयनको नाममा अमर्यादित व्यवहार गरेको, सञ्चार माध्यमको दुरुपयोग गर्दै व्यवसायीलाई बदनाम गर्न खोजेको तथा प्रचारमुखी 'स्टन्ट' प्रदर्शन गरेको आरोप लगाएका छन् ।

व्यवसायीहरूले आफूहरू कानुनको पालना, व्यवसायिक अनुशासन तथा गुणस्तरीय सेवाप्रति सधैं प्रतिबद्ध रहेको उल्लेख गर्दै राज्यका निकायसँग सहकार्य गर्न तयार रहे पनि पछिल्ला गतिविधिले व्यवसायीलाई अपराधीसरह व्यवहार गरिएको, अनावश्यक धरपकड गरिएको र सार्वजनिक रूपमा बदनाम गरिएको गुनासो गरेका छन् । उनीहरूका अनुसार अनुगमन सुधारमुखी हुनुपर्नेमा प्रचारमुखी बनाइएको छ, जसले समग्र होटल तथा पर्यटन क्षेत्रमा त्रासको वातावरण सिर्जना गरेको छ ।


पत्रकार सम्मेलनमा बोल्दै बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीले महोत्तरी चेम्बर अफ कमर्सका अध्यक्ष तथा होटल नाबिया प्रा.लि.का सञ्चालक सुधीर अग्रवालमाथि गरिएको व्यवहारप्रति घोर आपत्ति जनाए । उनले एक जिम्मेवार व्यवसायीलाई सार्वजनिक रूपमा अपमानित गरिएको भन्दै मन्त्री फकिरा महतोले नैतिकताको आधारमा तत्काल राजीनामा दिनुपर्ने माग गरे ।

त्यसैगरी, बर्दिबास उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विष्णु खड्काले मन्त्री महतोको अनुगमन शैलीलाई पूर्ण रूपमा प्रचारमुखी भएको आरोप लगाए । उनले भने, "होटलमा 'कोठा देऊ' भन्दै प्रवेश गरेर एउटा असल व्यवसायीमाथि गरिएको व्यवहार अत्यन्त दुःखद छ। यो कानुन कार्यान्वयनभन्दा पनि मन्त्री आफैं हाइलाइट हुन खोजेको जस्तो देखियो। यसले सम्पूर्ण व्यवसायी समुदायलाई हेप्ने काम गरेको छ।"

खड्काले अनुगमनका क्रममा होटलको भान्सासहित विभिन्न स्थानमा कुनै गम्भीर अनियमितता फेला नपरेपछि जबर्जस्ती निहुँ खोजेर व्यवसायीलाई बदनाम गर्न खोजिएको आरोप लगाए । "किचेनमा केही पनि भेटिएन। त्यसपछि जसरी भए पनि निहुँ खोजेर सञ्चार माध्यममार्फत होटल व्यवसायलाई बदनाम गर्ने प्रयास गरियो," उनले भने ।

उनले बर्दिबासका होटलहरू कानुन र मापदण्ड अनुसार सञ्चालन हुँदै आएको उल्लेख गर्दै देशका विभिन्न जिल्लाका व्यवसायीसमेत यहाँको होटल व्यवस्थापन र सञ्चालन पद्धतिबाट सिक्न आउने गरेको दाबी गरे। "बर्दिबासका होटलहरू नियम र कानुनअनुसार सञ्चालन भइरहेका छन् । तर गल्ती देखाउने नाममा मिडियाबाजी गरेर व्यवसायीलाई बदनाम गर्ने प्रयास भएको छ। यसले अहिले धेरै व्यवसायी त्रसित बनेका छन्," उनले बताए।

व्यवसायीहरूले सरकारसँग अनुगमनलाई कानुनी प्रक्रिया, स्पष्ट मापदण्ड र व्यवसायमैत्री वातावरणअनुसार सञ्चालन गर्न माग गर्दै मन्त्रीको पद र शक्तिको दुरुपयोग गरेर व्यवसायीलाई सार्वजनिक रूपमा अपमानित गने


प्रेस विज्ञप्ति

' तथा सञ्चार माध्यमलाई प्रचार को साधन बनाउने कार्य तत्काल बन्द गर्न आग्रह गरेका छन् ।

उनीहरूले आफ्ना मागको सुनुवाइ नभए महोत्तरीबाट सुरु हुने गरी प्रदेशव्यापी चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनी समेत दिएका छन् । व्यवसायीहरूको भनाइमा राज्यले व्यवसाय प्रवर्द्धन र लगानीको वातावरण निर्माण गर्नुपर्नेमा उल्टै व्यवसायीलाई त्रसित बनाउने गतिविधिले मधेश प्रदेशको पर्यटन, लगानी र समग्र आर्थिक गतिविधिमै नकारात्मक असर पर्नेछ ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# चर्चाभन्दा जिम्मेवारी ठूलो

सामाजिक सञ्जालले सूचना आदान प्रदानलाई सहज, छिटो र व्यापक बनाएको छ । तर यसको बढ्दो दुरुपयोगले समाजमा भ्रामक सूचना, उत्तेजना र जोखिमपूर्ण व्यवहारलाई पनि प्रोत्साहन गरिरहेको छ। पछिल्लो समय चर्चित हुने नाममा गरिने उच्छृङ्खल गतिविधि, झुटा सामग्रीको प्रसार र जोखिमपूर्ण प्रदर्शनले व्यक्तिलाई मात्र होइन, समाजलाई समेत नकारात्मक असर पारिरहेको छ।

सामाजिक सञ्जाल आफैंमा समस्या होइन, यसको प्रयोग गर्ने शैली समस्या हो। क्षणिक लोकप्रियता, धेरै 'भ्यु' वा 'फलोअर' प्राप्त गर्ने लोभमा कतिपयले कानुन, नैतिकता र सामाजिक जिम्मेवारीलाई बेवास्ता गरिरहेका छन् । यस्ता गतिविधिले दुर्घटना निम्त्याउनुका साथै गलत संस्कारको विकास पनि गरिरहेको छ। विशेष गरी युवा पुस्ताले सामाजिक सञ्जाललाई सिकाइ, सिर्जना र सकारात्मक सन्देश प्रवाहको माध्यम बनाउनुको सट्टा चर्चा कमाउने साधनका रूपमा प्रयोग गर्न थालेको देखिन्छ।

यसका साथै कृत्रिम बौद्धिकता (एआई) र डिजिटल प्रविधिको विस्तारसँगै सही र गलत सूचना छुट्याउने क्षमता अझ महत्वपूर्ण बनेको छ । कुनै पनि सामग्रीलाई सत्यापन नगरी विश्वास गर्ने वा साझा गर्ने प्रवृत्तिले भ्रम र अविश्वास फैलाउने खतरा बढाएको छ। त्यसैले डिजिटल साक्षरताको विकास आजको आवश्यकता हो।

सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रभावशाली साधन हुन्। सही प्रयोग गर्न सकियो भने यसले शिक्षा, जनचेतना, सुशासन र सामाजिक रूपान्तरणमा ठूलो योगदान पुऱ्याउन सक्छ। तर दुरुपयोगले व्यक्तिको प्रतिष्ठा, सामाजिक सद्भाव र सार्वजनिक सुरक्षामाथि गम्भीर असर पार्न सक्छ।

त्यसैले चर्चित हुनुभन्दा जिम्मेवार बन्नु आजको आवश्यकता हो। सामाजिक सञ्जाल प्रयोग गर्दा अभिव्यक्तिको स्वतन्त्रतासँगै सामाजिक उत्तरदायित्व, सत्यता र नैतिकताको पनि ख्याल गर्नुपर्छ। जिम्मेवार प्रयोगकर्ता, सचेत समाज र प्रभावकारी नियमनबाट मात्र सामाजिक सञ्जाललाई विकास र सकारात्मक परिवर्तनको शक्तिशाली माध्यम बनाउन सकिन्छ।




# उल्लंघन सांसदको, सजाय चालकलाई

● टक नेपाल

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सिरहा निर्वाचन क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य बब्लु गुप्ता गुडिरहेको मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाएको घटनामा अन्ततः मोटरसाइकल चालकलाई मात्रै कारबाही गरिएको छ।

सामाजिक सञ्जालमा उक्त भिडियो भाइरल भई व्यापक आलोचना भएपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय, लहानले यातायात व्यवस्था ऐन, २०४९ अनुसार मोटरसाइकल चालक पिताम्बर चौधरीलाई पाँच सय रुपैयाँ जरिवाना गरेको हो।

घटनापछि सार्वजनिक गरिएको प्रहरी विज्ञप्तिमा चालकलाई ट्राफिक नियम उल्लंघन गरेको कसुरमा कारबाही गरिएको उल्लेख गरिएको छ। तर, गुडिरहेको मोटरसाइकलमा उभिएर भिडियो बनाउने सांसद गुप्तामाथि भने कुनै जरिवाना वा कानुनी कारबाही गरिएको छैन।



जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार विद्यमान कानुनमा यात्रुलाई ट्राफिक नियम उल्लंघनको अभियोगमा कारबाही गर्ने व्यवस्था नभएकाले चालकलाई मात्रै जरिवाना गरिएको हो।

उनले भने, "यात्रुलाई कारबाही गर्ने व्यवस्था ऐनमा छैन। ट्राफिक नियम उल्लंघन भएमा जिम्मेवारी चालककै हुन्छ। सोही व्यवस्थाअनुसार चालकलाई पाँच सय रुपैयाँ जरिवाना गरिएको हो।"

प्रहरीले चालकलाई जरिवानासँगै आगामी दिनमा यस्ता गतिविधि दोहोर्याउन नहुने भन्दै सचेतसमेत गराएको जनाएको छ।

सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएको भिडियोमा सांसद गुप्ता गुडिरहेको बुलेट मोटरसाइकलको पछाडि उभिएर भिडियो खिचिरहेको देखिन्छ। सडक सुरक्षाको दृष्टिले जोखिमपूर्ण मानिने यस्तो गतिविधिलाई लिएर सामाजिक सञ्जालमा व्यापक आलोचना भएको थियो। सामान्य नागरिकले यस्तै कार्य गर्दा कडा कारबाही हुने अवस्थामा जनप्रतिनिधिले नियम उल्लंघन गर्दा पनि उनीमाथि कुनै कानुनी कारबाही नहुनुले "कानुन सबैका लागि समान हो कि होइन?" भन्ने प्रश्नसमेत उठेको छ।

घटनापछि सांसद गुप्ताले सामाजिक सञ्जालमार्फत आफूबाट ट्राफिक नियम उल्लंघन भएको स्वीकार गरेका छन्। बाल्यकाल बिताएको स्थानमा पुगेपछि पुराना सम्झनाले भावुक बनाएको र रमाइलो गर्ने क्रममा गल्ती भएको उनले बताएका छन्।

फेसबुकमा उनले लेखेका छन्, "बाल्यकालमा खेलेको ठाउँमा पुग्दा पुराना सम्झनाहरू ताजा भए। त्यही खुसी र रमाइलोको क्षणमा मजाक-मजाकमै मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाउँदा मैले ट्राफिक नियम उल्लंघन गरेको रहेछु भन्ने कुरा मैले आफैं महसुस गरेको छु।"

यद्यपि उनले गल्ती स्वीकार गरे पनि उनीमाथि कुनै कानुनी कारबाही वा जरिवाना नलागेकाले उनको स्वीकारोक्तिमै घटना सीमित भएको छ।

'जान्नेलाई छान्ने' भन्ने नारासहित चुनाव जितेको रास्वपाका सांसदबाट सार्वजनिक सडकमा यस्तो जोखिमपूर्ण व्यवहार भएको भन्दै आलोचना जारी छ। सामाजिक सञ्जालमा धेरैले जनप्रतिनिधिले कानुनको पालना गरेर उदाहरण प्रस्तुत गर्नुपर्नेमा उल्टै नियम उल्लंघन गरेको भन्दै प्रश्न उठाएका छन्।

पूर्वमन्त्रीसमेत रहेका गुप्ता सिरहा-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन्। उनको भिडियो सार्वजनिक भएपछि ट्राफिक प्रहरीले कारबाही प्रक्रिया अघि बढाए पनि विद्यमान कानुनी व्यवस्थाका कारण चालकलाई मात्रै जरिवाना गरिएको हो।

यस घटनाले यात्रुले जानीजानी जोखिमपूर्ण गतिविधि गरे पनि उनीहरूमाथि प्रत्यक्ष कानुनी कारबाही गर्न नसकिने वर्तमान कानुनी व्यवस्थामाथि बहससमेत सुरु भएको छ। सडक सुरक्षासँग सम्बन्धित यस्ता घटनालाई मध्यनजर गर्दै यातायात व्यवस्था ऐनको पुनरावलोकन आवश्यक रहेको टिप्पणी हुन थालेको छ।

# गुठीका अतिक्रमित जग्गा खोज्न अभियान, सात दिनभित्र खाली गर्न सूचना

● टक नेपाल

गुठी र गुठी संस्थानका अतिक्रमित जग्गा तथा पोखरीको खोजी सुरु भएको छ। सङ्घीय सरकारले सार्वजनिक जग्गा संरक्षणमा चासो बढाएपछि गुठी संस्थानले जग्गाको लगत सङ्कलनसँगै अतिक्रमण हटाउने प्रक्रिया अघि बढाएको हो।

गुठी संस्थानले मठमन्दिर, पोखरी तथा गुठीका जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गरेर बसेकाहरूलाई सात दिनभित्र जग्गा खाली गर्न सार्वजनिक सूचना जारी गरेको छ। संस्थानका प्रशासन प्रमुख ध्रुव घिमिरेको संयोजकत्वमा गठित कार्यदलले जनकपुरधामस्थित अतिक्रमित गुठी जग्गा खाली गराउन सूचना जारी गरेको हो।

गुठी जग्गाको स्वामित्व सम्बन्धित गुठी वा गुठी संस्थानकै हुने र त्यसलाई रैतानी बनाउने प्रक्रिया संविधानविपरीत रहेको भन्दै सर्वोच्च अदालतले विसं २०६४ माघ १० गतेको फैसलाबाट रोक लगाएको थियो। अदालतले गुठी जग्गा कमाउँदै आएको आधारमा स्वतः मोहियानी हक प्राप्त नहुने पनि स्पष्ट गरेको छ।

गुठी संस्थान जनकपुरधामका प्रमुख किशोरकुमार झाका अनुसार जनकपुरधाममा संस्थानका ४९ वटा पोखरी रहेका छन्। तीमध्ये सात वटा पोखरीको लगत सङ्कलन अन्तिम चरणमा पुगेको छ भने पाँच वटा पोखरी पूर्ण रूपमा लोप भइसकेका छन्।

उनका अनुसार अतिक्रमणका कारण धेरै पोखरी पुरेर बस्ती, होटल, अस्पताल, व्यापारिक प्रतिष्ठान तथा कलेज निर्माण गरिएको छ। संस्थानसँग जग्गाको अद्यावधिक अभिलेख नभएकाले अतिक्रमणको वास्तविक अवस्था अझै स्पष्ट हुन सकेको छैन।

प्रारम्भिक अनुमानअनुसार जनकपुरधाममा गुठी संस्थानका करिब २२ देखि २५ बिघा जग्गा अतिक्रमणमा परेको हुन सक्छ। प्रमुख झाका अनुसार रत्नसागर क्षेत्रमा करिब नौ बिघा र बेलाकुट्टी क्षेत्रमा चार बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको अनुमान गरिएको छ।

गुठी संस्थानले अतिक्रमित जग्गाको अभिलेख अद्यावधिक गर्दै कानुनी प्रक्रियाअनुसार सार्वजनिक सम्पत्ति संरक्षण र अतिक्रमण हटाउने अभियानलाई तीव्र बनाउने जनाएको छ।

# खुकुरी प्रहारबाट महिलाको हत्या, आरोपित स्थानीयको कुटाइबाट गम्भीर

● टक नेपाल

रौतहटको गुजरा नगरपालिका-५ हरिहरपुरमा खुकुरी प्रहारबाट एक महिलाको हत्या भएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार शुक्रबार बिहान बाराको करैयामाई गाउँपालिका-८ इटहर बेलाही स्थायी घर भई हाल गुजरा-५ हरिहरपुरमा बस्दै आएका ३५ वर्षीय उपेन्द्र साह कलवारले धारिलो हतियार खुकुरी प्रहार गर्दा स्थानीय ४५ वर्षीया रेनु देवी जयसवालको घटनास्थलमै मृत्यु भएको हो।

घटनापछि आक्रोशित स्थानीयवासीले आरोपित कलवारलाई नियन्त्रणमा लिएर कुटपिट गरेका थिए। कुटपिटबाट गम्भीर घाइते भएका उनलाई चन्द्रपुर अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज रेफर गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक बसन्त गौतमले जानकारी दिए।

प्रहरीले घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान सुरु गरेको जनाएको छ। हत्या हुनुको कारण खुल्न बाँकी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी गौतमले बताए।



# गृहमन्त्रीको स्टन्ट असफल? जनकपुरमा फेरि सडक अतिक्रमण

टक नेपाल

३ महिना अघि मधेस प्रदेशका गृहमन्त्री फकिरा महतो आफैं सक्रिय रुपमा खटिएर जनकपुर नगरभित्रका मुख्य सडक पेटी र फुटपाथलाई अतिक्रमणमुक्त बनाएका थिए । उनी सडक पेटी र फुटपाथ कब्जा गरेर व्यापार व्यवसाय गर्नेहरुमाथि आक्रामक रुपमा प्रस्तुत भएका थिए ।

गृहमन्त्री नै सक्रिय भएर फिल्डमा उत्रिएपछि सडक छेउको फुटपाथ कब्जा गर्ने कतिपयले आफैँ ती क्षेत्र खाली गरे भने कतिपयलाई जबर्जस्ती खाली गराउन प्रहरी सक्रिय भएका थिए । परिणामस्वरुप जानकी मन्दिर वरपरका क्षेत्र, अस्पताल रोड, रामानन्द चोक, शिव चोक, जनक चोक, पिडारी चोक सफासुग्घर र व्यवस्थित भएसँगै यो मार्ग प्रयोग गर्ने धार्मिक पर्यटक, विद्यार्थी तथा सर्वसाधारणलाई निकै सहज भएको थियो ।

त्यसै पनि जनकपुर फोहरले बदनाम भएको सहर हो । स्थानीय तहले उचित ढंगबाट फोहर व्यवस्थापन गर्न नसक्दा नगरभित्र जहाँतहीँ फोहरको डङ्गुरमात्र देखिने गरेको छ । एकातर्फ फोहर र अर्कातर्फ सडक पेटी नै कब्जा गरेर व्यापार व्यवसाय गरिँदिँदा पैदल यात्रीले समेत मूल सडक प्रयोग गर्नुपर्ने बाध्यता थियो, जसका कारण सवारी दुर्घटना पनि बढ्ने गरेको थियो ।

फुटपाथ र सडक पेटी अतिक्रमित भएकै कारण ईरिक्सा व्यवस्थापन हुन नसक्दा नगर क्षेत्रभित्र पैदल र साईकल यात्रुहरुको कन्तविजोग नै हुने गरे को थियो । जनकपुर उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालय लगायतका निकायसँगको समन्वयमा प्रदेश सरकारका गृहमन्त्री महतो आफैं फिल्डमा उत्रिएपछि अतिक्रमित क्षेत्र खाली गराउन सफल भएका थिए ।

विश्वमै प्रख्यात जनकपुरको जानकी मन्दिरमा विगतको तुलनामा अहिले भार तीय पर्यटकको आवागमन निकै बढे को छ । दिनहुँ हजारौंको सङ्ख्यामा भक्तालुहरु मन्दिर दर्शन गर्न आउने गरेका छन् । मन्दिर नजिकको सडक पेटी विगतमा खाली गराइएका कारण निकै आकर्षक देखिनुका साथै मन्दिर दर्शन गर्न आउने दर्शनार्थीलाई समेत सहज भएको थियो । तर ३ महिना नबित्दै जनकपुरका फुटपाथ तथा सडक पेटी उही पुरानै ढर्रामा फर्किएका छन् ।



रामानन्द चोकदेखि जानकी मन्दिर जाने मूल बाटोमै जनकपुर प्रादेशिक अस्पताल छ । अस्पताल भएका कारण यो सडकमा निकै भिडभाड हुने गर्दछ । दिउँसो यो सडकखण्डमा सधैँ जाम हुन्छ । 'गृहमन्त्री महतो आफैं सक्रिय भएर फिल्डमा खटिएपछि यो सडकको अवस्था निकै सुध्रिएको थियो', जनकपुर-१३ का ईरिक्सा चालक रामलाल पासवानले भने, 'अहिले यो सडकको अवस्था पुनः पुरानै अवस्थामा फर्किएको छ ।'

पासवानका अनुसार प्रदेशको गृहमन्त्री आफैं सक्रिय भएर लागेपछि राम्रो भइसकेको कामलाई निरन्तरता दिलाउन नसक्नु उनकै कार्यक्षमता माथिको प्रश्न पनि हो ।

अहिले मुख्यगरी रामानन्द चोक, पिडारी चोक र अस्पताल रोडको सडकको आधा भाग नै कब्जा हुने गरी फलफूल, तरकारीका ठेलाले ढाकिएको हुन्छ । जसका कारण सडक भएर हिँडडुल गर्नेहरु समस्यामा पर्ने गरेका त छन् नै, सडकको व्यस्तता झनै बढेको छ ।

अस्पताल रोडमा सडकको दायाँबायाँ दर्जनौंको सङ्ख्यामा ४ पाङ्ग्रे ठेला बिहानैदेखि राति ८-९ बजेसम्म राखिएको हुन्छ ।

जनकपुरधाम उपमहानगरपालिका-१० देवी चोकका संजीव कर्णले भने, 'अहिले यो सडक भएर गृहमन्त्री हिँड्दैनन् होला र ? आफैं सक्रिय भएर राम्रो भइसकेको अवस्थालाई निरन्तरता दिलाउन ध्यान दिनुपर्दैन ?'

जनकपुरको भानु चोकमा भेटिएका एक सर कारी कर्मचारीले मधेसको सबैभन्दा कमजोर पक्ष भनेकै कुनै पनि कामलाई निरन्तरता नदिनु रहेको बताए । 'आफूलाई अब्बल देखाउन स्टन्टबाजीको रुपमा काम गर्ने, पछि त्यसलाई निरन्तरता दिलाउन नसक्ने मधेसको मुख्य समस्या हो,' उनले भने, 'राज्यले एकपटक गरिसकेको कामलाई निरन्तरता दिन नसक्नुमा अरुको भन्दा बढी दोष राज्यकै हुन्छ ।'

जनकपुर रेल्वे स्टेशनमा भेटिएका बब्लु गुप्ताले सरकार परिवर्तन भएको अवस्थामा पुरानो सरकारको कामलाई नयाँ सरकारले निरन्तरता नदिएका उदाहरण भए पनि आफैँले गरेका निर्णय र कामलाई सरकारले निरन्तरता दिन नसक्नु अनौठो रहेको बताए । 'अनुगमन, नियमन गर्ने कुरामा मन्त्रीको सचिवालयमा बसेकाहरुले ध्यान दिनुपर्ने हो नि,' उनले भने ।

मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रायका प्रवक्ता राधेशंकर प्रसाद पालले रातोपाटीसँग भने, 'मन्त्रीज्यूको काममा जनकपुर उपमहानगर पालिकाका मेयरसाबले सहयोग गर्नुभएन । हरेक पटक असहयोगमात्रै गरेका कारण सडक व्यवस्थापनको काममा अवरोध हुन पुगेको हो ।'

उनका अनुसार यो काममा स्थानीय तहले सहयोग गर्नुपर्नेमा विभिन्न कानुनी अड्चन देखाउँदै असहयोग हुँदा मन्त्रीले यसलाई निरन्तरता दिन नसकेका हुन् ।

जनकपुरलाई पर्यटकीय नगरीको रुपमा विकास गर्ने लक्ष्यसहित मधेस प्रदेश सरकार लगायत स्थानीय तहले विभिन्न कार्यक्रम अगाडि बढाएको छ । नगर को सरसफाइ र सौन्दर्यीकरणका काम अगाडि बढाइएको छ, जसमा लाखौं बजेट पनि खर्चिएको छ, तर विकास, पूर्वाधार र जनताको मुद्दालाई स्थानीय र प्रदेश सरकारले आपसमा समन्वय गरेर अगाडि लानुको साटो एकले अर्कालाई असहयोग गर्नुले जनतामाथि नै अन्याय भइरहेको स्थानीयबासीको बुझाई छ ।

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं

गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।

घरैमा उपचार गर्ने ५ नियम

१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने
२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने
३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने
४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने
५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



गौशाला नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड ाखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपिचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपिचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।

ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।

आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित ाखां ।

बटेश्वर गाउँपालिका,
धनुषा, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ाेगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

## मनसुन सक्रिय भएसँगै मधेशमा
# धान रोपाइँ ७८.५९ प्रतिशत सम्पन्न



● टक नेपाल

मनसुन सक्रिय भएसँगै मधेश प्रदेशमा धान रोपाइँले तीव्र गति लिएको छ । पछिल्लो एक सातामै २० प्रतिशतभन्दा बढी क्षेत्रमा थप रोपाइँ भएपछि प्रदेशमा कुल धान खेतीयोग्य क्षेत्रफलको ७८.५९ प्रतिशतमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालय, मधेश प्रदेशले जनाएको छ ।

निर्देशनालयका अनुसार असार मसान्तसम्म प्रदेशमा कुल धान खेती हुने क्षेत्रफलमध्ये ५७.९३ प्रतिशतमा मात्र रोपाइँ भएको थियो । वर्षा नियमित हुन थाले पछि साउनको पहिलो सातासम्म आइपुग्दा रोपाइँ क्षेत्र उल्लेख्य रूपमा बढेको हो ।

बिहीबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार प्रदेशका आठ जिल्लामा रहेका तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये तीन लाख ५८० हेक्टरमा धान रोपाइँ सम्पन्न भइसकेको छ ।

जिल्लागत विवरणअनुसार सिरहामा सबैभन्दा बढी ९४ प्रतिशत रोपाइँ भएको छ। त्यहाँ ५४ हजार हेक्टर खेतीयोग्य क्षेत्रमध्ये ५० हजार ७६० हेक्टर मा धान रोपिएको छ। यता, महोत्तरीमा भने सबै भन्दा कम ५५.९३ प्रतिशत अर्थात् २२ हजार ३७२ हेक्टर क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ ।

अन्य जिल्लामध्ये सप्तरीमा ६८ हजार हेक्टरमध्ये ४८ हजार ९६० हेक्टर (७२ प्रतिशत), धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये ३४ हजार ५६६ हेक्टर (७९.१ प्रतिशत), सर्लाहीमा ४२ हजार ६१५ हेक्टर मध्ये ३२ हजार २१ हेक्टर (७५ प्रतिशत), रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये ३० हजार ४१५ हेक्टर (७९ प्रतिशत), बारामा ४५ हजार ९०० हेक्टरमध्ये ३८ हजार ३३५ हेक्टर (८५ प्रतिशत) तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ४३ हजार १५० हेक्टर (८० प्रतिशत) क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ ।

निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये प्रत्येक वर्ष तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा धान खेती हुँदै आएको छ ।

निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले पछिल्लो साता परेको वर्षाले धान रोपाइँले गति लिएको बताउनुभयो। आगामी केही दिन नियमित वर्षा भए बाँकी क्षेत्रमा पनि रोपाइँ सम्पन्न हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

## पालिकावासीहरूमा जनहितमा जारी सूचना

- आफुले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार व्यवसाय संञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं ।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री तिरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जना बाट बचौं ।

एकडारा गाउँपालिका , महोत्तरी,
मधेश प्रदेश

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

## धान रोपाइँको चटारोमा
# सप्तरीमा डीएपी मल अभाव, किसान चिन्तित



● टक नेपाल

धान रोपाइँ तीव्र भइरहेका बेला सप्तरीमा डीएपी (डाइ-अमोनियम फस्फेट) मलको अभाव भएपछि किसान मलको खोजीमा भौतारिन बाध्य भएका छन् । धानको प्रारम्भिक वृद्धि र जराको विकासका लागि अत्यावश्यक मानिने डीएपी मल समयमै नपाउँदा किसान चिन्तित बनेका छन् ।

जिल्लामा पर्याप्त वर्षापछि धान रोपाइँले गति लिएको छ। अधिकांश क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको छ भने बाँकी स्थानमा अन्तिम चरणमा पुगेको छ। यही समयमा डीएपी मल अभाव भएपछि किसान दैनिक रूपमा मल बिक्री केन्द्र र स्थानीय तह धाउन बाध्य भएको गुनासो गर्छन् । उनीहरूको एउटै प्रश्न रहने गरेको छ–"डीएपी मल कहिले आउँछ ?"

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवका अनुसार डीएपी मल नपाएका सयौँ किसान दैनिक रूपमा पालिकामा पुगेर मल उपलब्ध गराइदिन आग्रह गरिरहेका छन् ।

सुरुङ्गा नगरपालिकाकी प्रमुख गीता चौधरीले पनि मल अभावका कारण किसान पालिकामै आएर असन्तुष्टि व्यक्त गर्ने गरेको बताउनुभयो । "डीएपी मलको चरम अभाव छ। किसान दैनिक पालिकामा आएर गुनासो गर्छन् । आवश्यकताअनुसार मल उपलब्ध गराउन नसक्दा उहाँहरूको असन्तुष्टि स्वाभाविक हो," उहाँले भन्नुभयो ।

कृषि सामग्री कम्पनी लिमिटेड, राजविराज कार्यालयका प्रमुख सोनेलाल मुर्मुका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सप्तरीका लागि छ हजार मेट्रिक टन युरिया र पाँच हजार पाँच सय मेट्रिक टन डीएपी आपूर्तिको लक्ष्य स्वीकृत गरिएको थियो। गत आर्थिक वर्षमा भने लक्ष्यभन्दा बढी मल आपूर्ति गरिएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्षमा नौ हजार १५६ मेट्रिक टन डीएपी, पाँच हजार ११९.०५ मेट्रिक टन युरिया तथा ४३१.७० मेट्रिक टन पोटास आपूर्ति गरिएको थियो ।

चालु आर्थिक वर्ष २०८३/८४ का लागि आठ हजार मेट्रिक टन युरिया र सात हजार मेट्रिक टन डीएपी उपलब्ध गराउने लक्ष्य लिइएको उहाँले बताउनुभयो । हाल जिल्लामा युरियाको अभाव नरहे पनि डीएपीको माग अत्यधिक भएकाले आपूर्तिमा समस्या देखिएको उहाँको भनाइ छ ।

"अहिले किसानलाई मलको सबैभन्दा बढी आवश्यकता पर्ने समय हो। चालु आर्थिक वर्षका लागि डीएपी मल ढिलो आइपुगेकाले अभाव भएको हो। एक साताभित्र मल आइपुग्नेछ र अहिलेको समस्या समाधान हुनेछ," प्रमुख मुर्मुले भन्नुभयो ।

साल्ट ट्रेडिङ कर्पोरेशन, राजविराजका प्रमुख शत्रुघन साहले पनि केही दिनभित्रै डीएपी मल जिल्लामा आइपुग्ने र किसानको समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँका अनुसार साल्ट ट्रेडिङले आर्थिक वर्ष २०८२/८३ मा ५६ हजार १३२ बोरा डीएपी, ४१ हजार ८२२ बोरा युरिया तथा सात हजार ३७५ बोरा पोटास बिक्री गरेको थियो ।

प्रमुख साहका अनुसार मधेश प्रदेशमा देशको करिब ६९ प्रतिशत खेती योग्य जमिन रहे पनि मागअनुसार करिब २८ प्रतिशत मात्र रासायनिक मल उपलब्ध हुने भएकाले हरेक वर्ष रोपाइँ र बाली लगाउने मुख्य सिजनमा मल अभाव दोहोरिने गरेको छ ।

नेपालमा सरकारी अनुदानमा उपलब्ध हुने रासायनिक मलमध्ये करिब ७० प्रतिशत कृषि सामग्री कम्पनी लिमिटेड र ३० प्रतिशत साल्ट ट्रेडिङ कपोरेशनमार्फत आपूर्ति हुने व्यवस्था छ। तर मागअनुसार आपूर्ति हुन नसक्दा हरेक वर्ष मुख्य खेती सिजनमा किसानले मल अभावको समस्या भोग्दै आएका छन् ।

## धनुषाको ढल्केबरमा हवाई फायर,
# बखैरो हेरोइनसहित दुई पक्राउ




● टक नेपाल

धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरस्थित बसही खोलानजिकबाट प्रहरीले एक राउन्ड हवाई फायर गरी दुई जना भारतीय नागरिकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबर र लागुऔषध नियन्त्रण ब्युरो बर्दिबास, महोत्तरीको संयुक्त टोलीले शुक्रबार दुई जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा भारतको हरलाखी थाना-५ निवासी २८ वर्षीय सन्तोषकुमार महतो र बासोपट्टी थाना-२ निवासी ४५ वर्षीय मिथलेश साहु रहेका छन् ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार जाँचका क्रममा प्रहरी टोलीलाई देख्नासाथ दुवै जना भाग्न खोजेपछि लागुऔषध नियन्त्रण ब्युरो बर्दिबासका प्रहरी वरिष्ठ नायब निरीक्षक प्रकाशराज थापाले एक राउन्ड हवाई फायर गर्नुभएको थियो । त्यसपछि प्रहरीले उनीहरूलाई घेराबन्दी गरी नियन्त्रणमा लिएको हो ।

पक्राउ परेकामध्ये महतोको शरीर खानतलासी गर्दा पाइन्टको गोजीबाट ९५ ग्राम ५९० मिलिग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014